"For Nepali, By Nepali "

# गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार

## Non-Resident Nepali Association, National Coordination Council, Qatar

Estd: 2003

मिति : १३ मार्च २०१७

कतारमा स्थापित सम्पूर्ण संघ संस्था प्रमुख ज्यूहरू,
कतारवासी नेपाली दाजुभाई दिदीबहिनीहरू,
सम्पूर्णमा नमस्कार !

विषय : रक्तदान कार्यक्रमको मिति परिबर्तन भएको सम्बन्धमा ।

हमाद हस्पिटल Blood Donor Center बाट प्राप्त इमेल अनुसार उक्त दिनमा उनीहरुको आन्तरिक कार्यक्रम भएकोले निर्णय भएको मिति र समयमा रक्तदान कार्यक्रमको व्यवस्थापन गर्न असमर्थ रहेको ब्यहोरा जानकारी प्राप्त भएको छ । यसका साथै एनआरएनए एनसीसी कतारको समन्वयमा आगामी ३० मार्च २०१८, शुक्रबारका दिन बिहान ८ बजे बाट हमाद हस्पिटलको Blood Donor Center मा आयोजना गर्ने भनिएको रक्तदान कार्यक्रम हमाद हस्पिटल Blood Donor Center ले उपलब्ध गराएको तल उल्लेखित मिति र समयमा हुने भएको ब्यहोरा यहाँहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

स्थान : हमाद हस्पिटल, रक्त संकलन केन्द्रको परिसरमा ।
मितिः २३ मार्च २०१८ शुक्रबार ।
समयः बिहान ८ बजे देखि ११ बजे सम्ममा रक्तादाताको नाम दर्ता गरिसक्नु पर्ने छ ।

यसबाट यहाँहरुमा पर्न गएको असुविधा प्रति एनसीसी कतार क्षमायाचना गर्दै उक्त प्राविधिक कठिनाईलाई सबैले मध्यनजर गर्दै सम्पूर्ण संघ संस्थाहरुलाई आयोजकको रुपमा सहभागि हुन समेत हार्दिक अनुरोध गर्दछ ।

नोट : रक्दानको लागि आवश्यक डकुमेन्ट तथा ध्यान दिनु पर्ने कुराहरु निम्नानुसार छन् ।
क. रक्तदाताले कतारी परिचय पत्र वा ड्राइभिङ लाइसेन्स वा हेल्थ कार्ड अनिवार्य लिएर आउनु पर्नेछ ।
ख. रक्तदाता कतार प्रबेश गरेको ६ महिना पुरा भएको हुनुपर्नेछ ।
ग. अघिल्लो पटक रक्तदान गरेको २ महिना पुरा भएको हुनुपर्नेछ ।
घ. एन्टीबायोटिक तथा अन्य औषधी सेवन नगरेको, २४ घण्टा भित्र मदिरापान नगरेको हुनुपर्ने ।
ङ. अनिन्द्र तथा खाली पेटमा रक्तदान गर्न नहुने ।
च. रक्तचाप तथा अन्य मापदण्ड रक्त संकलन टोलीले निर्धारण गरे बमोजिम हुनेछ ।
छ. रक्तदाताको उमेर १८ देखि ६५ बर्षको बीचमा हुनु पर्नेछ ।
ज. रक्तदाताको तौल कम्तिमा ५० किलो हुनु पर्नेछ ।

थप जानकारीको लागि सम्पर्क व्यक्तिहरु :
तेज कटुवाल 55868214
बुधबल गुरुङ 55600235

यहाँहरुको निरन्तर समन्वय र सहयोगको लागि धन्यवाद सहित,

.............................
(बुधबल गुरुङ )
महासचिव